# बार्षिक प्रतिवेदन

## छैठौं बार्षिक साधारणसभा

## आर्थिक बर्ष २०७८।०७९

अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लिमिटेड

पुतलिसडक (न्यूप्लाजा), काठमाडौं, फोन नं. ०१-४०११०२६

**Email: aviyangroup22@gmail.com**

**Website: www.aviyangroup.com.np**

## सञ्चालक समिति

अध्यक्ष श्री बाबुराम थापा

सदस्य श्री महेन्द्र श्रेष्ठ

सदस्य श्री गोवरधन खड्का

सदस्य श्री बुद्धलाल श्रेष्ठ

कम्पनी सचिव श्री रोमनाथ ज्ञवाली

**अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लिमिटेडको**
**बार्षिक साधारण सभा सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति : २०७९।०९।४

**आदरणिय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको मिति २०७९।०८।२९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको बार्षिक साधारण सभा (Zoom Virtual) प्रविधि मार्फत देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न यस कम्पनीको बार्षिक साधारण सभा गर्नुपर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई (Zoom) मार्फत सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**
मिति : २०७९ पुस २७ गते बुधबार
समय : बिहान ११ बजे
स्थान : कम्पनीको कार्यालय न्यूप्लाजा, काठमाडौं

**छलफलका बिषयहरु**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट आर्थिक बर्ष २०७८।०७९ को बार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृतका लागि पेश गर्ने ।
२) आर्थिक बर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन सहित वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह लगायतका वित्तीय विवरण माथि छलफल तथा स्वीकृतका लागि पेश गर्ने ।
३) आर्थिक बर्ष २०७९।०८० को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।

**ख) विविध ।**

नोट : साधारणसभा सम्बन्धि जानकारी तथा **Zoom** लिंक यस कम्पनीको आधिकारी **website: www.aviyangroup.com.np,** इमेल, फोन तथा कार्यालयमा सूचना प्रकाशन गरी गरिनेछ ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

## सञ्चालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको छैठौं बार्षिक साधारणसभामा उपस्थित महानुभावहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधिहरु, आमन्त्रित महानुभावहरु, तथा यहाँ भर्चुअल सभामा सहभागी हुनु भएका सम्पूर्ण महानुभावहरुमा यस अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि.को सञ्चालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आजको यस गरिमामय बार्षिक साधारणसभामा यस कम्पनीको सञ्चालक समितिको तर्फबाट कम्पनीको बार्षिक प्रतिवेदन, आर्थिक बर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन सहित वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह लगायतका वित्तीय विवरण र यस कम्पनीका गतिविधिहरुको समिक्षा एवम् भावी कार्यक्रम सहितको प्रतिवेदन स्वीकृतका लागि यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

विभिन्न पेशा व्यवसाय तथा संघ संस्थामा आवद्ध प्रबुद्ध व्यक्तिहरुको प्रयासबाट जलविद्युत उत्पादन, सेवा व्यवसाय, व्यवसायीक आवास भवन निर्माण, पर्यटन व्यवसाय, पूँजिबजार लगायतका कार्यहरु गर्नेगरी स्थापना भएको यस कम्पनीको छैठौं बार्षिक साधारणसभा सम्म आईपुग्दा तपाई लगानीकर्ताहरुलाई उत्साप्रद प्रतिफल दिन नसकेता पनि आगामी दिनमा यस कम्पनीले गरेको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुने दिशातर्फ अग्रसर भएको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

यस बिचमा हामीले विभिन्न क्षेत्रका प्रबुद्ध व्यक्तिहरुको सम्लग्नता रहेको अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल प्रा.लि. र समुन्नती इन्भेष्टमेन्ट लि. बिच एक आपसमा गाभ्ने गाभिने सम्बन्धि कार्य सम्पन्न गरी एकिकृत कारोबार समेत शुरु गरिसकेका छौं । दुई कम्पनी बिच गाभ्ने गाभिने कार्य सम्पन्न पश्चात यस कम्पनीको नाम अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि. रहेको छ । हाल यस कम्पनीमा २९२ जना संस्थापक लगानीकर्ताहरु रहनु भएको समेत अवगत गराउन चाहान्छु ।

यस कम्पनीले प्राथमिक शेयर (IPO) निष्काशन गर्ने लक्ष्य लिए अनुसार कम्पनीको पूँजि बृद्धि गर्ने र आगामी ३ बर्ष सम्ममा सो प्रकृया पुरा गर्ने लक्ष्यका साथ योजना बनाई अगाडी बढेको जानकारी समेत यहाँहरुको बिचमा राख्न चाहान्छु । जसका लागि सम्पूर्ण शेयरधनी महानुभावहरुले शेयर बृद्धिका लागि आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

यस कम्पनीले शेयरबापत संकलन भएको पूँजिलाई व्यवस्थित तवरले अल्पकालिन तथा दिर्घकालिन रुपमा प्रतिफल आउने गरी लगानी व्यवस्थापन गरिएकोमा छोटो समयमा प्रतिफल दिने क्षेत्र पूँजि बजारको नेप्से परिसुचकमा आएको गिरावटको कारण अपेक्षाकृत प्रतिफल लिन सकिएन ।

यस कम्पनीले दिर्घकालिन रुपमा लगानी गरेका कम्पनी तथा क्षेत्रहरुमा सुपरमादी हाइड्रोपावर कम्पनी लि., लालुपाते हाइड्रोपावर कम्पनी, अभियान इको एण्ड एग्रो रिसोर्ट र भक्तपुरको दुवाकोटमा जग्गामा रहेको छ । माथी गरिएका लगानीबाट तत्काल प्रतिफल प्राप्त हुन नसकेको कारणले यस बर्ष कम्पनीले लगानीकर्ताहरुका लागि लाभांश प्रदान गर्न सकेको छैन् ।

यस कम्पनीले लगानी गरेको सुपरमादी हाइड्रोपावरले हाल आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि IPO जारी गरिसकेको छ भने आम सर्वसाधारणका लागि IPO निष्कासनको प्रकृया रहेको जानकारी यहाँहरुलाई गराउन चाहान्छु । साथै सुपरमादी हाइड्रोपावरले आगामी २/३ महिना भित्र व्यवसायीक विद्युत उत्पादन गर्ने गरी कामहरु भैरहेको पनि अवगत गराउन चाहान्छु ।

आगामी दिनमा सुपरमादी हाइड्रोपावरले पनि लाभांश प्रदान गर्ने, दोस्रो बजारमा नेप्से परिसुचकमा हुने बृद्धि तथा सुपरमादी हाइड्रोपावरको शेयर ३ बर्ष पछाडी बेच्ने पाउने अवस्थाले गर्दा हामीले आगामी बर्षहरुमा राम्रो प्रतिफल प्राप्त

गर्ने अवस्था देखिएको छ । हाल नेप्से परिसूचक घटेको अवस्थामा समेत हाइड्रोपावर कम्पनीहरुका शेयरहरु ३००/४०० मा कारोबार भैरहेको हुँदा उत्साजनक प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने देखिएको कुरा यहाँहरुको बिचमा राख्न चाहान्छु ।

यस कम्पनीमा हाल लगानी योग्य रकमको अभाव रहेको र ३ बर्ष भित्रमा कम्पनीलाई IPO मा लैजाने लक्ष्य रहेकोले पूँजि बृद्धि अभियानलाई तिव्रता दिने उद्देश्य बमोजिम काम गरिरहेका छौं तथापि हाल देशमा देखापरिरहेको आर्थिक मन्दीको प्रभावको कारणले गर्दा सोचे अनुरुप प्रगति हासिल हुन सकिरहेको छैन तथापि यस आर्थिक बर्षको अन्त्य सम्ममा केही शेयर पूँजि संकलन गर्ने र सो पूँजिलाई अल्पकालिन लगानी गरी शेयरधनी महानुभावहरुलाई प्रतिफल प्रदान गर्ने लक्ष्यका साथ काम गरिरहेको ब्यहोरा यहाँहरुको बिचमा अवगत गराउन चाहान्छु ।

सन् २०१९ बाट विश्वभर फैलिएको कोभिड १९ को महामारी त्यस पश्चात देखापरिरहेको आर्थिक मन्दीको बिचमा पनि गतबर्ष हामीले यहाँहरुलाई २.४३ प्रतिशत बोनस शेयर प्रदान गरेको जानकारी यहाँहरुको बिचमा गराउन चाहान्छु । यस बर्ष प्रतिफल प्रदान गर्न नसकेतापनि चालु आर्थिक बर्षमा प्रतिफल प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. कम्पनीबाट शेयर तथा पूँजि लगानी भएका क्षेत्रहरु :

(क) सुपरमादी हाइड्रोपावर कम्पनी

- कास्की जिल्लाको मादी गा.पा. स्थित मादी नदीमा ४४ मे.वा. क्षमताको जलविद्युत आयोजना,
- स्थानीय बासिन्दाको लागि प्राथमिक शेयर निष्काशन गरिसकेको,
- तिन महिना भित्र विद्युत उत्पादन शुरु हुने,
- अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि.को रु. ३ करोड ७० लाख लगानी रहेको ।

(ख) लालुपाते हाइड्रोपावर कम्पनी

- गण्डकी प्रदेश, मनाङ जिल्लाको नासोङ गाउँपालिकाको दाना नदीबाट ४९.९ मे.वा. क्षमताको विद्युत आयोजना,
- हाइड्रोपावर निर्माण स्थल : काठमाडौंबाट २३० कि.मि. उत्तर पश्चिम (बेसिशहरबाट ६० कि.मि.उत्तर),
- विद्युत प्राधिकरणसंग विद्युत खरिद सम्झौताको कार्य अन्तिम चरणमा पुगेको,
- हाल निर्माण स्थल पुग्ने बाटो निर्माण भैरहेको,
- अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि.को रु. ५० लाख लगानी रहेकोमा ......लाख बराबरको बोनस शेयर थप भई.....लाख पुगेको छ ।

ग) अभियान इको एण्ड एग्रो रिसोर्ट परियोजना

परियोजना निर्माणको क्षेत्रफल : ४६ रोपनी
परियोजना स्थान : मन्डनदेउपुर न.पा., नगरकोट,
परियोजनाको प्रगति :

- जग्गा खरिदका लागि जग्गाको बैना भैसकेको,
- अर्न्तराष्ट्रिय अपरेटरसंग छलफल भैरेहेको,
- आर्किटेक्चरको काम शुरु भएको,
- परियोजनाको काम छिट्टै सुरु हुने,
- अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल लि.को रु. १५ लाख लगानी रहेको ।

घ) जग्गामा लगानी :

- जग्गा भएको स्थान : दुवाकोट-७, भक्तपुर
- जग्गाको क्षेत्रफल : १६६.९० बर्गमिटर
- जग्गामा भएको लगानी : १ करोड ३ लाख ७६ हजार (जग्गा रजिष्ट्रेसन पास खर्च सहित)

**ङ) पूँजिबजारमा लगानी :**

| | |
|---|---|
| • मेघा बैंक लि. | रु. ११,५२,७६०।- |
| • कुमारी बैंक लि. | रु. १०,९२,७८७।- |
| • नेपाल इन्फ्रास्टक्चर बैंक लि. | रु. २८,२८,६५९।- |
| • स्टयाण्डर्ड चार्टर्ड बैंक लि. | रु. ९,०५,३११।- |
| • एनआइसी एसिया माइक्रोफाइनान्स लि. | रु. १,२००।- |
| • एनएमबी बैंक लि. | रु. ४,७८,७१७।- |
| • सिभिल बैंक लि. | रु. १७,८७,५०९।- |
| जम्मा | रु. ८२,४६,९४३।- |

२. **कम्पनीले लगानी गर्नका लागि प्रस्ताव गरेका प्रस्तावित परियोजनाहरु :**

**क) अभियान क्यापिटल म्यानेजमेन्ट कम्पनी**

- विभिन्न परियोजनाहरुको अध्ययन, अनुसन्धान तथा व्यवस्थापन गर्ने तथा विभिन्न परियोजनाहरुको विश्वसनियता, लगानी प्रतिफल सुनिश्चितता गर्ने उद्देश्यले अभियान ग्रुपले विभिन्न क्षेत्रका विज्ञहरु सम्मिलित अभियान क्यापिटल मेनेजमेन्ट प्रा.लि. स्थापना गरेको छ,
- यस कम्पनीले परियोजनाको प्राविधिक, कानुनी तथा वीत्तिय पक्षको अध्ययन गर्नुका साथैं लगानी रणनीति तय गर्नेछ ,
- विभिन्न कम्पनीहरुको व्यवस्थापकिय परामर्शसेवा प्रदान गर्ने ।

**ख) अभियान हाइड्रोपावर परियोजना**

- आयोजना निर्माण स्थल : बागलुङ र गुल्मी जिल्लाको सिमाना
- नदीको नाम : बडीगाड खोला (मुसिकोट न.पा., बडीगाड गा.पा.)
- उत्पादन क्षमता : १८.७३ मेगावाट,
- विद्युत विभागबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी विस्तृत सर्वेक्षणको काम भैरहेको,

**ग) अभियान पावर कम्पनी परियोजना**

अभियान ग्रुपले हुम्ला जिल्लाको खार्पूनाथ गा.पा. र सिमिकोट गा.पा. मा अवस्थित चुवा खोलाबाट ९० मेगावाट विद्युत उत्पादनको लागि प्रस्तावित गरिएको आयोजना ।

३. **कम्पनीको भावी कार्ययोजनाहरु :**

यस कम्पनीले आफ्नो स्थापना कालदेखी हालसम्म सञ्चालन गरेका कार्यक्रमहरुको समीक्षा गर्दै आदरणीय शेयरधनी महानुभावहरुबाट समय समयमा प्राप्त भएका सुझावहरुलाई आत्मसाथ गरी आगामी दिनमा कम्पनीका कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ । कम्पनीले अगामी दिनमा गर्ने सञ्चालन गर्ने कार्यक्रमहरुलाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) कम्पनीको चुक्ता पूँजि अनुसार शेयर रकम पुऱ्याउनका लागि नयाँ लगानीकर्ताहरुलाई भित्राउने गरी कार्ययोजना सहित अघि बढीनेछ ।**

**ख) यस कम्पनीले आमसर्वसाधारणका लागि प्राथमिक शेयर निष्कासन गर्नका लागि आवश्यक तयारीहरु गर्न योजना बनाई कार्यान्वयन गरिनेछ ।**

**ग) बर्तमान अवस्थामा कम्पनीले आफ्नो पूँजिको अधिकतम पूँजि दिर्घकालिन क्षेत्रमा लगानी गरेकोले पूँजि संकलन गरी सो पूँजिलाई अल्पकालिन क्षेत्रमा लगानी गरी लगानीकर्ताहरुलाई प्रतिफल दिने गरी लगानीलाई व्यवस्थापन गर्दै लगिनेछ ।**

**घ) यस कम्पनीको नाममा दुवाकोट भक्तपुरमा रहेको जग्गालाई उचित मुनाफा प्राप्त हुने गरी बिक्रि गर्ने योजना बनाइएको छ ।**

ङ) नयाँ क्षेत्रको छनोट गर्दा पूँजिको लगानी भन्दा सेवा प्रवाह गरी कमिशन आर्जन गर्ने खालका परियोजना छनोट गरी मध्यस्तकर्ताको रुपमा कार्य गरिनेछ ।

च) यस कम्पनीको आर्थिक गतिविधि तथा क्रियाकलापहरु अभियान ग्रुपको वेवसाइटमा सार्वजनिक गर्ने तथा शेयरधनी महानुभावहरुले लगइन गरी हेर्न मिल्ने बनाइनेछ । यसको लागि वेव डिजाइनरलाई जिम्मेवारी दिइसकिएको छ ।

छ) कम्पनीले सम्पादन गरेका कामहरुको समिक्षा तथा परिवर्तित बजारको ढाँचा अनुसार मुनाफाजन्य क्षेत्रहरुको पहिचान गरी लगानी गर्न अभियान ग्रुपसंग आवद्ध अभियान क्यापिटल म्यानेजमेन्ट प्रा.लि. संग व्यवस्थापन सम्झौता गरीएको छ । यसको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

ज) क्षेत्रगत रुपमा लगानीका प्रसस्त संभाव्य क्षेत्रहरु भएकोले सबै शेयरधनी महानुभावहरुले संभाव्य लगानीका क्षेत्रहरु पहिचान गरी कम्पनीलाई दिएका सुझावहरुलाई समय सापेक्षरुपमा ग्रहण गर्दै लैजाने व्यवस्था मिलाइनेछ ।

यस कम्पनीलाई आजको दिनसम्म ल्याईपुऱ्याउन विभिन्न क्षेत्रबाट साथ, सहयोग र सुझाव प्रदान गर्नुहुने शेयरधनी महानुभावज्यूहरु, सल्लाहाकार सदस्यज्यूहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, यस कम्पनीका कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष परोक्षरुपमा कम्पनीलाई सहयोग तथा सुझाव प्रदान गर्नुहुने सबै महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि साथ, सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछु । यहाँहरुबाट प्राप्त हुने सल्लाह, सुझाव तथा मार्गनिर्देशनले यस कम्पनीको कार्ययोजनालाई कार्यान्वयन गर्न र कम्पनीले आत्मसाथ गरेका लक्ष्यहरुलाई हासिल गर्न थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, सञ्चालक समितिको बार्षिक प्रतिवेदनको साथ साथै आर्थिक बर्ष २०७८।०७९ को लेखापरीक्षण प्रतिवेदन सहित वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह लगायतका वित्तीय बिवरण, आर्थिक बर्ष २०७९।०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण तथा उक्त आर्थिक बर्षमा कम्पनीले सम्पादन गरेका कार्यहरुको समिक्षा तथा भावी कार्यक्रमहरु सहितको बार्षिक प्रतिवेदनमा छलफल गरी अनुमोदन तथा स्वीकृत गरिदिनुहुन उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।
मिति २०७९।०९।२७

सञ्चालक समितिको तर्फबाट
बाबुराम थापा
अध्यक्ष

# अन्य विवरणहरु

**१. आर्थिक बर्ष २०७८।०७९ को कारोबारको विवरण**

अध्यक्षज्यूको प्रतिवेदनमा उल्लेख भैसकेको छ।

**२. सञ्चालक समितिको विवरण**

| क्र.सं. | नामथर | पद | ठेगाना | योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | बाबुराम थापा | अध्यक्ष | फेदाप-५, तेह्रथुम | स्नातकोत्तर | लघुवित्त तथा हाइड्रोपावर क्षेत्रमा १३ बर्षको अनुभव |
| २ | महेन्द्र श्रेष्ठ | संचालक | का.म.न.पा.-९, रातोपुल | स्नातकोत्तर | लगानी व्यवस्थापन, हाइड्रो क्षेत्रमा ३० बर्षको अनुभव |
| ३ | गोवरधन खड्का क्षेत्री | संचालक | दुवाकोट, भक्तपुर | स्नातकोत्तर | लगानी व्यवस्थापन, व्यवसाय क्षेत्रमा ३० बर्षको अनुभव |
| ४ | बुद्धलाल श्रेष्ठ | संचालक | थाहा न.पा.-१, मकवानपुर | एस.एल.सी. | लगानी व्यवस्थापन, व्यवसाय क्षेत्रमा ३० बर्षको अनुभव |

नोट : माथि उल्लेख गरिएका संचालकहरु अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल प्रा.लि. र समुन्नती इन्भेष्टमेन्ट लि. बिच मर्जर पश्चात सञ्चालक हुनु भएको हो।

**३. आन्तरिक नियन्त्रण प्रणाली**

कम्पनीको कारोबारलाई व्यवस्थित र पारदर्शि बनाउनका लागि निति, नियम, निर्देशिका र कार्यविधिहरुको अधिनमा रही नियामक निकायको निर्देशन अनुरुप संचालन गर्न आवश्यक रहन्छ तसर्थ यस कम्पनीले कम्पनीको आर्थिक तथा कर्मचारी विनियमावली बनाई कार्यान्वयनमा ल्याएको छ।

**४. लेखा परीक्षकको नियुक्ति :**

यस कम्पनीको आर्थिक बर्ष २०७८।०८९ को कारोबारको लेखापरीक्षण गर्न काठमाडौंका श्री Gyawali & Associates, Chartered Accountants लाई भ्याट सहित रु. ४०,०००।- (चालिस हजार) लेखापरीक्षण शुल्क उपलब्ध गराउने गरी लेखापरीक्षकमा नियुक्ति गर्न र सम्झौता गर्न स्वीकृत हुनुपर्ने।

**५. सञ्चालक समितिको सुविधा सम्बन्धमा।**

यस कम्पनीको सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई बैठक भक्ता वापत प्रति बैठक रु. २०००।- (दुई हजार) उपलब्ध गराउन उपयुक्त रहेकोले स्वीकृत हुनुपर्ने।

**६. नाफा नोक्सान अवस्था :**

यस कम्पनीले कुल पूंजिको अधिकतम रकम दीर्घकालिन लगानी गरेको र केही रकम अल्पकालिन लगानी अर्न्तगत धितोपत्र बजारमा गरेकोमा यस आर्थिक बर्षमा साविक अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल प्रा.लि. रु. ४,२०,११५।- र साविक समुन्नती इन्भेष्टमेन्ट लि. रु. ७,७०,७७१।- गरी जम्मा रु. ११,९०,८८६।- घाटामा गएको छ। चालु आर्थिक बर्षमा त्यो घाटालाई परिपूर्ति गरी लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्नेतर्फ केन्द्रित गरिने ब्यहोरा अनुरोध गर्न चाहान्छु।

**कम्पनी ऐन २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदन**

१) उपदफा (१) अनुसारको विवरण :

क) आर्थिक बर्ष २०७८।०७९ को वासलातको विवरण

ख) आर्थिक बर्ष २०७८।०७९ को नाफा/नोक्सानको विवरण

ग) आर्थिक बर्ष २०७८।०७९ को नगद प्रवाहको विवरण

२) उपदफा (१) अनुसारका विवरणहरु प्रचलित कानुन बमोजिम र नेपाल सरकारको लेखामान सिद्धान्त अनुसार तोकिएको ढाँचामा तयार गरिएको छ ।

३) उपदफा (१) बमोजिमको आर्थिक विवरण साधारणसभाबाट नियुक्त लेखापरीक्षकबाट स्वीकृत भई सञ्चालक समितिले स्वीकृत गरिसकेको छ ।

४) प्रत्येक पब्लिक कम्पनीको सञ्चालक समितिले उपदफा (१) बमोजिम तयार गरिने वार्षिक आर्थिक विवरणको अतिरिक्त दहायको विवरण उल्लेख गरी राख्नुपर्ने प्रावधान अनुसार सञ्चालक समितिको प्रतिवेदन :

क) विगत बर्षको कारोबारको सिंहावलोकन

- कम्पनीको चुक्ता पूँजि पूरा गर्न शेयरधनीहरु संग छलफल तथा अर्न्तक्रिया गरिएको,
- नयाँ तथा सम्भावित लगानीकर्ताहरु संग शेयरधनीको संख्या बृद्धि तथा पूँजि बृद्धि गर्ने काममा लागिएको,
- कम्पनीको वेवसाईट तयार गरी कम्पनीको सूचनाहरु सार्वजनिक गर्ने गरीएको तथा अन्य कतिपय सूचनाहरु इमेल तथा एसएमएस मार्फत गरिएको,
- कम्पनीमा लगानी गर्ने लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्न दीर्घकालिन लगानी गरिएको तथा अल्पकालिन लगानी अर्न्तगत दोस्रो बजारमा शेयर खरिद बिक्रि तथा बैंक मुद्धतिमा राख्ने गरिएको,
- कम्पनीको लेखालाई टेली सफ्टवयर सिस्टममा व्यवस्थित गरिएको,

ख) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर,

- पूँजिबजारमा आएको गिरावटको कारण अपेक्षितरुपमा फाइदा आर्जन गर्न नसकेको,

ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

- कम्पनीले लगानीकर्ताहरुलाई छिटो प्रतिफल दिन अल्पकालिन लगानीलाई प्राथमिकता दिने,
- पूँजि बजारमा राम्रा कम्पनीहरु छनोट गरी लगानी गर्ने,
- डिबेञ्चर, ऋणपत्रहरुमा लगानी गर्ने,
- तत्काल प्रतिफल प्राप्त हुने संभावित लगानीका क्षेत्रहरु पहिचान गर्ने ।

घ) कम्पनीको औधोगिक वा व्यवसायीक सम्बन्ध : नभएको ।

ङ) सञ्चालक समितिमा भएको हेरफेर तथा सोको कारण : साविक अभियान इन्भेष्टमेन्ट ग्रुप अफ नेपाल प्रा.लि र साविक समुन्नती इन्भेष्टमेन्ट लि. बिच गाभ्ने गाभिने कार्य सम्पन्न भएकोले सञ्चालक समितिमा हेरफेर भएको ।

च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :

- देशको राजनैनिक तथा आर्थिक अवस्थामा हुने परिवर्तनबाट पर्नसक्ने असरहरु,

- **पूँजिबजारमा हुने घटबढबाट पर्न सक्ने असरहरु,**
- **नीति नियममा हुने परिवर्तनबाट पर्न सक्ने असरहरु,**
- **बन्द, हडताल तथा अवरोधहरुबाट पर्न सक्ने असरहरु,**
- **अर्न्तराष्ट्रिय बजारमा हुने परिवर्तनबाट पर्न सक्ने असरहरु,**
- **आर्थिक मन्दीबाट पर्न सक्ने असरहरु,**
- **प्राकृतिक प्रकोप तथा परियोजनामा हुने जोखिमबाट पर्न सक्ने असरहरु,**
- **यसमा उल्लेख नभएका कुराहरुबाट पर्ने असरहरु ।**

छ) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया : उल्लेखनीय कैफियत नभएको ।**

ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम : नभएको ।

झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या : ६,६२,८५४

ञ) सहायक कम्पनीको विवरण : सहायक कम्पनी नभएको ।

ट) कम्पनी तथा सहायक कम्पनीको कारोबारमा भएको महत्वपूर्ण परिवर्तन : नभएको ।

ठ) आधारभुत शेयरधनीले उपलब्ध गराएको विवरण : नभएको ।

ड) संचालकहरुले लिएको शेयरको स्वामित्वको जानकारी : नभएको ।

ढ) कम्पनीसंग सम्बन्धित सम्झौतामा संचालकहरुको कुनै स्वार्थ : नभएको ।

ण) कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको भए त्यसको कारण : नभएको ।

त) आन्तरीक नियन्त्रण प्रणाली भए वा नभएको : आन्तरीक नियन्त्रण प्रणालीका लागि कर्मचारी विनियमावली र आर्थिक विनियमावली तर्जुमा भई कार्यान्वयनमा रहेको ।

थ) बिगत आ.ब.मा भएको व्यवस्थापन खर्च : रु.७,७५,१४२।-

द) लेखापरीक्षण समितिका पदाधिकारीलाई कुनै सुविधा उपलब्ध नभएको ।

ध) विभिन्न संघ संस्था तथा सञ्चालकहरुले कम्पनीलाई बुझाउनु पर्ने दायित्व भए नभएको : नभएको

न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक तथा भत्ता तथा सुविधाको रकम : रु.२,६०,७१७-

प) शेयरधनीहरुले बुझिलिन बाँकि लाभांश वापतको रकम : नभएको ।

फ) दफा १४१ बमोजिम सम्पती खरिद वा बिक्रि गरेको कुराको विवरण : नभएको ।

ब) दफा १७५ बमोजिम सम्वद्ध कम्पनीबिच भएको कारोवारको विवरण : नभएको ।

भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा : नभएको ।